मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज २६ गते आइतबार ❑ 12 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## जेनजी प्रतिनिधिको आह्वान: चुनावमा भाग लिऔँ

**रासस**
काठमाडौं, २५ असोज

जेनजी आन्दोलनका प्रतिनिधिहरुले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा भाग लिन राजनीतिक दललगायत सबै तह र तप्कालाई आह्वान गर्नुभएको छ।

राष्ट्रपति भवन शितलनिवासमा प्रधानमन्त्री सुशीला कार्की र मन्त्रिपरिषद्का सदस्यहरुसँग छलफलपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उहाँहरुले निर्वाचनमा सबै दललाई भाग लिन आग्रह गर्नुभएको हो । संसदीय अभ्यासमा रहेका पूराना दलहरु निर्वाचनमा भाग नलिए चुनाव नहुने अवस्था हुने भएकाले पनि घोषित निर्वाचनलाई सदुपयोग गर्नुपर्छ भन्ने आफूहरुको मान्यता रहेको बताउनुभयो । जेनजी आन्दोलनका प्रतिनिधि मिराज ढुङ्गानाले निर्वाचन लोकतान्त्रिक प्रक्रिया भएकाले निर्वाचनमार्फत जनप्रतिनिधिको चयन हुने हुँदा स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन होस् भन्ने आफूहरुको चाहना रहेको बताउनुभयो । "निर्वाचनमा सबै दलहरु आइदिनुहोस्, यो लोकतान्त्रिक प्रक्रिया हो, कसैले रोक्न सक्दैन, सबैले भाग लिन पाउनुहुन्छ, अधिकार छ, जनताले छाने भने जो तपाईं नै निर्वाचित हुनुहोला, निर्वाचनमार्फत नयाँ शक्ति पनि उदाउन सक्छ, निष्पक्ष प्रतिष्पर्धा हुन्छ सबैजना आउनुहोस्", उहाँले भन्नुभयो ।



ढुङ्गानाले वर्तमान मन्त्रिपरिषद्मा सडक आन्दोलनलाई उचाइमा पुर्‍याउन योगदान दिनेलाई समावेश गर्नुपर्छ भन्ने आफूहरुको स्पष्ट धारणा रहेको बताउनुभयो । राष्ट्रपति रामचन्द्र पौडेलको आह्वानमा शुक्रबार अघिल्लो संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरु र सरकारबीच आगामी निर्वाचनका बारेमा छलफल भएको थियो । उक्त छलफलमा राजनीतिक दलका तर्फबाट चुनावका लागि शान्ति सुरक्षालगायत उपयुक्त वातावरण हुनुपर्ने धारणा व्यक्त भएको थियो भने सरकारकातर्फबाट राजनीतिक दलहरुलाई चुनावमा भाग लिन आग्रह गरिएको थियो।

## जेन-जी आन्दोलनका घाइतेलाई परिचयपत्र र भैपरी खर्च वितरण हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असोज

जिल्ला प्रशासन कार्यालय कास्कीले जेन-जी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूलाई परिचयपत्र र भैपरी खर्च वितरणको तयारी गरेको छ।

प्रशासनले सार्वजनिक सूचना जारी गर्दै जेन–जी आन्दोलनको क्रममा घाइतेहरूलाई आवश्यक कागजात सहित कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको हो।

मन्त्रिपरिषद्को मिति २०८२ भदौ १२ गतेको निर्णयअनुसार "जेन-जी आन्दोलन घाइते परिचयपत्र" वितरण गर्ने कार्य सुरु गर्न लागिएको जिल्ला प्रशासन कार्यालयले उल्लेख गरेको छ । गृह मन्त्रालयको निर्देशनअनुसार तयार गरिएको परिचयपत्र आगामी असोज २६ गतेदेखि वितरण सुरु गरिने भएको सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले बताउनु भयो।

कास्कीमा आन्दोलनका क्रममा ९२ जना घाइते भएको प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ । तीमध्ये सूचीकृत घाइतेहरूले आफ्नो अस्पतालको उपचार पूर्जी वा डिस्चार्ज कागजात, नेपाली नागरिकताको प्रमाणपत्र (सक्कल), दुई प्रति फोटो र आफ्नो नाममा रहेको बैंक खाताको चेकको प्रतिलिपि सहित कार्यालयमा उपस्थित हुन आग्रह गरेको छ । सरकारले ती घाइतेहरूलाई तत्कालका लागि भैपरी खर्च वापत २० हजार उपलब्ध गराउने निर्णय गरेको छ । जिल्ला प्रशासनका अनुसार आवश्यक कागजात पूरा गरी उपस्थित हुने व्यक्तिहरूलाई क्रमशः परिचयपत्र वितरण र आर्थिक सहायता प्रदान गरिने जनाएको छ।

## 'जेनजी' पुस्ताको प्रतिनिधित्व हुनेगरी महाधिवेशन सुनिश्चित गर्न कांग्रेसको ध्यानाकर्षण

**रासस**
काठमाडौं, २५ असोज

नेपाली कांग्रेसका युवाहरूले 'जेनजी' पुस्ताको प्रतिनिधित्व हुनेगरी महाधिवेशन सुनिश्चित गर्न पार्टीको ध्यानाकर्षण गराएका छन्।

शनिबार पार्टी केन्द्रीय कार्यालयमा जारी केन्द्रीय पदाधिकारी, पूर्वपदाधिकारी एवम् केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारीहरूको ध्यानाकर्षण गराउँदै युवाहरूले पार्टीलाई युवामैत्री, चलायमान र जिम्मेवार संस्था बनाउन आग्रह गरेका हुन्। नेपाल विद्यार्थी सङ्घका केन्द्रीय सदस्य आकाश उप्रेतीले भन्नुभयो, "पार्टी विषम परिस्थितिबाट गुज्रिरहेको छ, पार्टीको हरेक तहका समितिहरू अधिवेशनको सङ्घारमा भए पनि महाधिवेशन हुने नहुने अन्योलता छ। त्यसैले जेनजी प्रदर्शनपछिको अवस्थालाई ध्यान दिँदै पार्टी सङ्गठनमा युवाहरूका लागि खुला पार्टीका रूपमा स्थापित गराउन, मुलुकमा व्याप्त व्यथितिप्रति प्रगतिशील विचार भएका जेनजी समूहलाई आउँदो महाधिवेशनमार्फत सबै तहमा स्थापित गराउनु अनिवार्य छ । यसै विषयमा ध्यानाकर्षण गराएका छौं ।" युवाहरूले सबै तहका निर्वाचनमा कम्तीमा पनि ४० प्रतिशत युवालाई पार्टीको उम्मेदवारका रूपमा अगाडि बढाउनुपर्ने व्यवस्था विधानमा नै उल्लेख गराउन, पार्टीका विभिन्न तहका समितिमा आउन हाल रहेका प्रतिबन्धात्मक व्यवस्था निलम्बर गर्न, पार्टीमा मनोनित र प्रतिनिधित्व गरिने पदहरूमा समावेशितालाई ध्यानमा राखी ४० प्रतिशत युवाको प्रतिनिधित्व सुनिश्चित गराउन ध्यानाकर्षण गराएका छन् । ध्यानाकर्षण पत्र बुझ्दै पार्टी उपसभापति धनराज गुरुङले युवाहरूको माग

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा पर्यटकको चहलपहल बढ्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असोज

पर्यटनको राजधानी पोखरामा पर्यटकको चहल पहल बढेको छ।

नेपालीहरूको महान पर्व विजयादशमी पर्व पछि पोखरामा पर्यटकहरूको आगमनमा शनिबारदेखि केही वृद्धि भएको पर्यटन व्यवसायीहरूले बताउनु भयो । पोखरामा पर्यटकको चहलपहल बढेसँगै पोखराका पर्यटकीय क्षेत्रहरूमा पर्यटकहरूको भिडभाड भएको छ। पोखराको मुख्य पर्यटकीय स्थल फेवातालमा आन्तरिक तथा बाह्य पर्यटकहरूको ढुंगा सयर गर्न शनिबार निकै भिड भएको छ । पोखराको बाराहीघाटमा लाइभ ज्याकेट लिने र ढुङ्गा सयर गर्नेहरूको बिहानैदेखि भिडभाड भएको फेवा ढुङ्गा व्यवसायी संगठनका अध्यक्ष बलराम गिरीले बताउनु भयो।

दशैं पर्व पछि पोखराको फेवातालमा आउने पर्यटकहरूको सङ्ख्यामा शनिबार ह्वात्तै बृद्धि भएकोले आफुहरु निकै उत्साहित भएको उहाँले बताउनु भयो। फेवातालको बीचमा रहेको तालबराही मन्दिर दर्शन गर्नको लागि ढुङ्गाबाट आवतजावत गर्नको लागि लाइफ ज्याकेट सहित प्रति व्यक्ति १०० रुपैयाँ शुल्क लिने गरिएको छ । फेवातालमा काठको डुङ्गामा प्रतिघण्टा सयर गर्दा रु.९०० र प्याडल बोट प्रतिघण्टा १ हजार ६ सय रूपैया शुल्क निर्धारण गरिएको छ । शनिबार पोखरामा ढुङ्गा सयर गर्ने पर्यटकहरूको संख्या वृद्धि भएसँगै आफुहरुमा आशा जागेको एक ढुङ्गा व्यवसायी प्रीतम कुँवरले बताउनुभयो।



त्यसो त दशैं र तिहारको बिदाको समयमा धैरै विद्यार्थी र विभिन्न संघसंस्थाका व्यक्तिहरु पोखरामा भ्रमणको क्रममा आउन पनि थाल्नु भएको छ। पोखरामा साहसिक खेल गतिविधिमा पनि पर्यटकहरू रमाउन थाल्नुभएको छ। पोखरामा हिजोआज दैनिक जसो २०० देखि २५० भन्दा बढी पर्यटकहरू प्याराग्लाइडिङ गर्न थाल्नुभएको नेपाल हवाई खेलकुद संस्था ना का अध्यक्ष अनिल केसीले बताउनुभयो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका कारण स्थानान्तरण भएको प्याराग्लाइडिङ पुन पहिलेकै ठाउँ तोरीपानीबाट उडान भई खपौदीबाट ल्याण्डिङ गर्दै फेवाताल माथिसम्म उड्न पाउने भएको हुँदा पछिल्लो क्रममा प्याराग्लाइडिङ गर्नेहरूको संख्यामा वृद्धि भएको उहाँले दाबी गर्नुभयो । हिजोआज मौसम समेत राम्रोसंग खुलेका कारण ट्रेकिङ जानेहरुको उपयुक्त मौसम भएकोले गर्दा ट्रेकिङ जानेहरुको सङ्ख्या समेत बढेको टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्यले बताउनु भयो। देशमा विभिन्न क्षेत्र सहित विदेशबाट अहिलेको मौसममा विश्वकै चर्चीत पदमार्ग अन्नपूर्ण पदमार्ग, मर्दी हिमाल लगायतका पदमार्गमा उत्साहजनक रुपमा पर्यटकहरु सहभागि भएको उहाँले जनाउनु भयो। पोखरामा हाल होटल अकुपेन्सी ३०% पुगेको छ। जेनजी आन्दोलनपछि पोखरामा हाल बिस्तारै पर्यटक आगमनमा बृद्धि भएको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो।

पोखराका पर्यटकीय स्थलका होटलहरूमा होटल अकुपन्सी हाल ३०% रहेको उहाँले उल्लेख गर्नुभयो। प्रतिकुल मौसम र जेनजी आन्दोलनको मारमा पोखराको पर्यटन क्षेत्रमा ठुलो असर परेको बताउदै उहाँले अब विस्तारै ट्रेकिङ जाने र ट्रेकिङबाट फर्किनेहरुको संख्या तथा भ्रमण गर्नेहरुको कारणले गर्दा पनि पोखरामा हाल आन्तरिक पर्यटकहरुको केही चहल पहल बढेको उहाँले जनाउनु भयो।

## नेपाली नोटमा नेपाल संवत् उल्लेख गर्न सकिन्छ: प्रधानमन्त्री कार्की

**रासस**
काठमाडौं, २५ असोज

प्रधानमन्त्री सुशीला कार्कीले नेपाल राष्ट्र बैंकबाट निष्काशन गरिने नेपाली नोटमा नेपाल संवत् उल्लेख गर्न सकिने बताउनुभएको छ।

राष्ट्रिय विभूति शंखधर साख्वाः प्रतिष्ठान, मध्यपुरथिमि, भक्तपुरको प्रतिनिधिमण्डलले नेपाल संवत् ११४६ अवसरमा मध्यपुरथिमिस्थित राष्ट्रिय विभूति शंखधर साख्वाःको प्रतिमामा माल्यार्पणका लागि प्रमुख अतिथिका लागि आमन्त्रण गर्ने क्रममा उहाँले यस्तो बताउनुभएको हो । प्रधानमन्त्री कार्कीले अर्थमन्त्रीमार्फत नेपाल राष्ट्र बैंकको गभर्नरसँग छलफल गरी सरकारले नेपाली नोटमा नेपाल संवत् प्रयोग गर्नेबारे छलफल गर्ने बताउनुभयो । प्रतिष्ठानका अध्यक्ष ज्ञानराम श्रेष्ठको नेतृत्वमा गएको टोलीसँगको भेटमा उहाँले

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा विज्ञ नक्साङ्कन सहित प्रशिक्षक प्रशिक्षण तालिम

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज

"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार" भन्ने नारासहित गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखराको आयोजनामा तथा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरको सहकार्यमा पाँच दिने प्रशिक्षक प्रशिक्षण तालिम २०८२ असोज २३ गतेदेखि पोखरामा संचालन भएको छ।

तालिमको उद्घाटन सत्रमा प्रमुख अतिथिका रूपमा बोल्दै गण्डकी प्रदेश सरकारका प्रमुख सचिव डण्डुराज घिमिरेले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले २०७५ सालदेखि नै नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको स्तरमा तालिमहरू सञ्चालन गर्दै आएको उल्लेख गरेका थिए।



उहाँले तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्दै गाउँगाउँमा प्रयोगात्मक ढङ्गले समुदायसम्म पुऱ्याउनुपर्नेमा जोड दिएका छन। तालिममा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ अध्ययन निर्देशक विनोदकुमार विष्टको नेतृत्वमा प्रशिक्षकहरूले सहजीकरण गरीरहेका छन।

कार्यक्रममा प्रशिक्षण आवश्यकता मूल्याङ्कन, पाठ्यक्रम डिजाइन, सत्र उद्देश्य निर्धारण, प्रशिक्षण विधिको छनोट, प्रस्तुतीकरण सीप, प्रशिक्षण व्यवस्थापन, सहभागितामूलक सिकाइ र समन्वयका विविध पक्ष समेटिएका छन्। गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान गण्डकी प्रदेश सरकार मातहतको एकीकृत तालिम केन्द्र (स्टाफ कलेज) को रूपमा स्थापित संस्था हो, जसले प्रदेश तथा स्थानीय तहका कर्मचारी, जनप्रतिनिधि र नियुक्त पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि कार्य गरिरहेको छ।

उद्घाटन कार्यक्रम गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीको अध्यक्षतामा सम्पन्न भएको थियो भने तालिम संयोजक एवम् निर्देशक लक्ष्मण तिमिल्सिनाले कार्यक्रम सञ्चालन गरेका थिए।

तालिम २०८२ असोज २३ गतेदेखि असोज २७ गतेसम्म चल्नेछ, जसमा क्षेत्रका ३२ जना सहभागी रहेका छन्।



फेवातालमा विदेशी पर्यटकको आगमनः पर्यटकीय राजधानी पोखरास्थित प्रमुख पर्यटकीय गन्तव्य फेवातालमा शनिबार बढ्न थाले विदेशी पर्यटक। यति बेला मौसम खुलेसँगै पोखरामा पर्यटक आगमन वृद्धि भएको छ। तस्बिरः दीननाथ बराल

# इन्टरनेट र एआईका बारेमा २० देशका विज्ञबीच नेपालमा छलफल

रासस
काठमाडौं, २५ असोज

इन्टरनेट र एआईका विविध विषयमा २० देशका विज्ञहरूले नेपालमा भेला भएर चार दिनसम्म छलफल चलाएका छन्।

इन्टरनेटका क्षेत्रमा लामो समयदेखि काम गर्दै आइरहेको एसिया प्यासिफिक स्कुल अन इन्टरनेट गभर्नेन्सद्वारा आयोजित 'एपीसिग २०२५' नाम दिएको सम्मेलन यही असोज २१ देखि २४ गतेसम्म भएको आयोजक संस्थाका अध्यक्ष बाबुराम अर्यालले जानकारी दिनुभयो। उहाँका अनुसार सम्मेलनमा १६ चरणमा छलफल कार्यक्रम भएका थिए भने २२ विज्ञ वक्ताहरूको विषयगत प्रस्तुति रहेको थियो। सम्मेलनमा १६ देशका सरकारी अधिकारी, सूचना प्रविधि विज्ञ, प्राध्यापक, पत्रकार, वकिल, अधिकारकर्मी, अनुसन्धानकर्तालगायत ३४ फेलोहरू सहभागी भएको उपाध्यक्ष वाकास हसनले जानकारी दिनुभयो।

सम्मेलनमा विषय विज्ञ, प्राध्यापक, अनुसन्धानकर्ता, अभ्यासकर्ता र पैरवीकर्ताले इन्टरनेटको सही र जिम्मेवार प्रयोग, यसको नियमन तथा व्यवस्थापन, एआईको प्रयोगले भविष्यमा ल्याउनसक्ने अवसर र चुनौती तथा त्यसको व्यवस्थापन, साइबर सुरक्षा, तथ्याङ्क सुरक्षा, सामाजिक सञ्जालको प्रयोग, व्यवस्थापन र नियमन, भ्रामक र प्रायोजित सूचनाको विकृति, इन्टरनेटमा पछाडि पारिएका समुदायको पर्याप्त पहुँच र प्रयोगलगायत विषयमा गहन प्रस्तुति रहेको र सहभागीका बीचमा व्यापक छलफल भएको सम्मेलनमा नेपालकोतर्फबाट सहभागी पत्रकार जीवन भण्डारीले जानकारी दिनुभयो।

सम्मेलनमा सहभागीले अन्य देशमा भइरहेका अभ्यास र अनुभवका आधारमा धेरै सिकाइ भएको पाकिस्तानकी सहभागी मार्यम रसिदले बताउनुभयो।

सम्मेलनमा नेपालसहित भारत, बङ्गलादेश, म्यानमार, मलेसिया, भुटान, यमन, मङ्गोलिया, पाकिस्तान, कम्बोडिया, इन्डोनेसिया, काजकिस्तान, सिङ्गापुर फिलिपिन्स, भियतनाम, अस्ट्रेलिया, जापानलगायतका २० भन्दाबढी देशका फेलो तथा वक्ताहरु सहभागी भएको इन्टरनेट गभर्नेन्स इन्स्टिच्युटकी निर्देशक सपना शाहीले जानकारी दिनुभयो। सहभागीलाई समापन समारोहमा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन र एसिया प्यासिफिक स्कुल अन इन्टरनेट गभर्नेन्सका अध्यक्ष बाबुराम अर्यालले प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

# सिङ्गामा बहुउद्देश्यीय कवर्डहल निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २५ असोज

म्याग्दीको बेनी नगरपालिका-४ सिङ्गामा बहुउद्देश्यीय कवर्डहल निर्माण भएको छ।

बेनी नगरपालिकाको सहयोगमा स्थानीयबासीले श्रमदान गरेर खेलकुद, सामाजिक र सांस्कृतिककार्यका लागि कवर्डहल निर्माण गरेका हुन्। नगरपालिकाले रु १० लाख उपलब्ध गराएको कवर्डहल निर्माणका लागि उपभोक्ताहरुले थप रु तीन लाख ७० हजार बराबरको श्रमदान गरेका निर्माण समितिका अध्यक्ष हरिप्रसाद पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार वडा कार्यालयले अपुग थप रु दुई लाख रकम भुक्तानीका लागि नगरपालिका कार्यालयमा सिफारिस गरेको छ। पर्याप्त बजेटको ब्यवस्था नहुँदा चार वर्ष लगाएर कवर्डहल निर्माणलाई पूर्णता दिएको अध्यक्ष पौडेलले बताउनुभयो

राजीखोला किनारमा पक्की तटबन्ध बनेपछि संरक्षण भएको खाली सार्वजनिक जग्गा सम्माएर वरीपरि फलामको फिल्लर ठडाएर जस्तापाटाले बारेर कवर्डहल बनाइएको छ।

कवर्डहलको शुक्रबार बेनी नगरपालिका-४ का वडा अध्यक्ष अणबहादुर खड्का (भगवान) ले शुभारम्भ गर्नुभयो। उहाँले स्थानीयबासीलाई फुर्सदको समय सदुपयोग र शारिरिक कसरतका लागि ब्याडमिन्टन खेल अभ्यास गर्न, प्रतियोगिता आयोजना गर्न, बिवाह, ब्रतबन्ध, भेला, बैठक गर्न सुविधा पुगोस भन्ने उद्देश्यले कवर्डहल बनाएको बताउनुभयो।

उक्त वडाको तातोपानीमा पनि कवर्डहल निर्माण भएको र थामडाडा टोलमा कवर्डहल बनाउन लागिएको अध्यक्ष खड्काले बताउनुभयो। हलमा शुक्रबारदेखि सिंगा ब्याडमिन्टन सङ्घको आयोजनामा प्रथम मनप्रसाद, इन्दु स्मृति पुरुष डि-लेभल ब्याडमिन्टन कप प्रतियोगिता सुरु भएको छ।


## हिंसा होइन, माया र सहिष्णुता बढाऔं।

हिंसा हुन नदिऔं:

- सबै प्राणीप्रति करुणा र सम्मान राखौं,
- द्वन्द्व होइन, संवाद र समझदारी अपनाऔं,
- परिवारदेखि समाजसम्म शान्ति फैलाऔं,
- हिंसात्मक क्रियाकलापबाट बचौं,
- बालबालिका, महिला र अन्य कमजोर वर्गको सुरक्षा गरौं,
- द्वेष र घृणा नफैलाऔं,
- सामाजिक विवादमा धैर्यता र संयमता अपनाऔं,
- तनाव र रिसलाई व्यवस्थापन गरौं,
- समस्याको शान्तिपूर्ण समाधान खोजौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## जेनजी...

सकारात्मक रहेको र यसलाई सम्बोधन गर्न छलफल गरिने बताउनुभयो। "युवा वर्गलाई निरुत्साहित गरिनु हुँदैन, उनीहरूको मागलाई सम्बोधन गर्नुपर्छ, निश्चित व्यवस्था गर्नुपर्छ। यस विषयमा छलफल हुन्छ", उहाँले भन्नुभयो। यस्तै, सूचना तथा सञ्चार विभाग प्रमुख मीन विश्वकर्माले 'जेनजी' समूहबारे राखिएका माग सकारात्मक रहेकाले निश्चित व्यवस्था गर्न पहल गर्ने बताउनुभयो। पार्टी केन्द्रीय सदस्य एवम् पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसीले सबै समूहको एकताबाट मात्र पार्टीको हित हुने धारणा राख्नुभयो। उहाँले युवा पुस्तालाई बाहिर राखेर पार्टीलाई सङ्गठित र सशक्त बनाउन नसकिने भन्दै जनतामाझ जानका लागि पनि युवा प्रतिनिधित्वको विषय सम्बोधन गरिनुपर्नेमा जोड दिनुभयो।

## नेपाली ...

रु पाँच सयको नोट छपाइका लागि विधिवत् रूपमा गइसकेको हुनाले अब निष्काशन हुन बाँकी नोटमा नेपाल संवत् प्रयोग गर्न सकिनेबारेमा छलफल गरी निर्णय लिने बताउनुभएको प्रतिष्ठानका अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। नेपाल संवत् नेपालको मौलिक संवत् भएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले नेपाल संवत् र राष्ट्रिय विभूतिबारे विशेष चासो दिनुभएको थियो। उहाँले नेपाल संवत्को नयाँ वर्षको दिन शंखधर साख्वाःको सालिकमा माल्यार्पण कार्यक्रममा सहभागी हुने बताउनुभएको उहाँले जानकारी दिनुभयो।

# जग्गाको स्रेस्ता कायम गर्ने प्रक्रिया थप सरल, यस्तो छ नयाँ व्यवस्था

रासस
काठमाडौं, २५ असोज

सरकारले गत भदौ २३ र २४ गतेको आन्दोलनका कारण क्षति भएका जग्गाको स्रेस्ता कायम गर्ने प्रक्रियालाई सरलीकृत गरेको छ।

यसअघि देशका विभिन्न मालपोत कार्यालयले जारी गरेको सूचनाका कारण आम नागरिकमा त्रास फैलिएपछि सरकारले थप सरलीकृत गरेको हो। आन्दोलनका क्रममा आगलागीका कारण क्षति भएका मालपोत कार्यालयलाई पत्राचार गर्दै लालपूर्जा र नागरिकतागायत जग्गाधनीसँग रहेका कागजातका आधारमा सहज रूपमा स्रेस्ता कायम गर्न सकिने व्यवस्था गरिएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव जीवनराज सेढाइँका अनुसार, जग्गाधनसिँग भएको सक्कल जग्गाधनी प्रमाणपूर्जा र प्रणालीमा भएको अभिलेख भिडेमा प्रणालीबाट त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गरिनेछ।

यदि अभिलेख फरक पर्न गएको खण्डमा 'डकुमेन्ट म्यानेजमेन्ट सिस्टम (डिएमएस) मा भएको अभिलेखसँग भीडान गर्ने र अभिलेख भिडेको अवस्थामा आवश्यक विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम हुने भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ। नापी कार्यालयमा रहेको फिल्डबुक तथा प्लटरजिस्टर नक्शा, स्थानीय तहमा रहेको मालपोत लगत र मालपोत वा सम्पत्ति कर बुझाएको रसिदलाई आधार मानी प्रणालीमा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गर्न सकिनेछ। सो व्यवस्था बमोजिम अभिलेख नभिडेको हकमा जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपी वा पारित लिखतको सक्कलप्रति पेश हुन आएमा वा बैङ्क तथा वित्तीय संस्था, अड्डा अदालत वा अन्य निकायमा पेश गरेको कागजात सम्बन्धित निकायबाट प्रमाणित प्रतिलिपी पेश भएमा स्थानीय तहबाट हक भोगको सिफारिश लिइ सोको आधारमा प्रणालीमा विवरण अद्यावधिक गरी नयाँ स्रेस्ता कायम गर्ने विभागको पछिल्लो निर्देशमा उल्लेख छ।

सार्वजनिक सूचना हकभोगसम्बन्धी स्थलगत सर्जमिन र जानी जानी झुट्ठा विवरण पेश गर्ने व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारवाही सहुँला बुझाउँला भनी सम्बन्धित जग्गाधनीको कबुलियतनामा कागज गराई सोको आधारमा प्रणालीमा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गर्न सकिने विभागले जनाएको छ।

जग्गाधनी दर्ता प्रमाणपूर्जा पेश नभएमा वा पेश भएको प्रमाणबाट एकिन हुन नसकिएमा आवश्यकताअनुसार हकभोगसम्बन्धी स्थानीय तहको सिफारिश, स्थलगत सर्जमिन र सार्वजनकि सूचना गर्न सकिने विभागले उल्लेख गरेको छ।

नष्ट भएका जग्गाधनी स्रेस्ता कायम गर्दा नापी कार्यालयको फिल्डबुक, प्लट रजिष्टर नक्शा, मालपोत कार्यालयको तामेली अभिलेख, व्यक्तिसँग भएको सक्कल पारित लिखत र प्रणालीको रेकर्डबाट सरकारी सार्वजनिक तथा दर्ता बाँकी जग्गा हो होइन एकिन गर्न सकिनेछ। नष्ट भएको रोक्का लगतका सम्बन्धमा प्रणालीमा भएको रोक्का रेकर्डलाई साविक गाविसअनुसार प्रिन्ट गरी रोक्का किताब तयार पानुएपर्नेछ। रोक्का राक्ने संवैधानिक निकाय, बैङ्क तथा वित्तीय संस्था, प्रशासनिक निकाय तथा न्यायिक निकायलाई रोक्का राखिएको अचल सम्पत्तिको विवरण उपलब्ध गराई दिन पत्राचार गर्ने र प्राप्त विवरणलाई भिडाइए अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ। कार्यालयको कुनै पनि अभिलेखबाट रोक्का रहेको विवरण खुल्न आएमा सोलाई समेत आधार लिई अभिलेख अद्यावधिक गर्नुपर्ने। नष्ट भएको स्रेस्ता अद्यावधिक भएपछि उक्त स्रेस्ताबाट कारोबार गर्दा ऋणी नी दुवैलाई सो व्यहोराकाको जानकारी दिई लिखत पारित गर्ने व्यवस्था मिलाउनुपर्ने प्रबन्ध गरिएको छ।

विभागले मालपोत कार्यालय दाङ (तुलसीपुर), कास्की, चितव (भरतपुर), खैरहनी, काठमाडौं (कलंकी) र रुपन्देही (बुटवल), कैलाली (धनगढी), बाँके (नेपालगञ्ज), दाङ (घोराही ) र मोरङ (विराटनगर)लाई एकै सात परिपत्र गर्दै जग्गाधनीलाई सरल र सहज रुपमा सेवा प्रदान गर्न निर्देशन दिएको छ। मालपोत ऐन, २०३४ र मालपोत नियमावली, २०३६ तथा भूमि प्रशासन निर्देशिका, २०८१ मा भएका व्यवस्थाका अतिरिक्त अन्य विभिन्न पाँचवटा मुख्य बुँदालाई आधार बनाउन विभागले निर्देशन गरेको छ। आन्दोलनका क्रममा जलेर नष्ट भएको जग्गाधनी दर्ता स्रेस्ता, रोक्का अभिलेख तयार गर्न गराउने सम्बन्धमा यही असोज २३ को मन्त्रिस्तरीय निर्णयअनुसार आवश्यक निर्देशन दिइएको विभागलेजनाएकोछ।आन्दोलनका क्रममा देशभरका विभिन्न ६ वटा मालपोत कार्यालय पूर्ण रूपमा क्षति भएका थिए भने १४ वटा मालपोत कार्यालय आशिंक रूपमा क्षति तथा तोडफोड भएका थिए। आन्दोलनका क्रममा झण्डै १० लाख लालपूर्जाको ढड्डा जलेको अनुमान गरिएको छ। तोडफोड र आगलागीका कारण क्षतिग्रस्त भएका विभिन्न मालपोत कार्यालयले आशिंक रुपमा सेवा प्रवाह सुरु गरेका छन्।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# राष्ट्रपतिले थालेको संवादलाई सरकारले अघि बढाओस

निर्वाचन गराउने मुख्य जिम्मेवारी पाएको अन्तरिम सरकार र राजनीतिक दलहरूबीच भेटघाट शुरु भएको छ। जेनजी आन्दोलनपछि सरकार बनेको एक महिनापछि राष्ट्रपति रामचन्द्र पौडेलको पहलमा सरकार र राजनीतिक दलहरूलाई संगै राखेर चुनावी वातावरणका लागि दुवै पक्षलाई गम्भीर बन्न सुझाएका छन।राष्ट्रपति पौडेलले देश, जनता, लोकतन्त्र र संविधानको रक्षाका लागि निर्वाचन एक मात्र विकल्प भएको बताए । शुक्रवार शीतल निवासमा आह्वान गरेको अन्तरिम सरकारसहितको सर्वदलीय बैठकमा उनले फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनमा केन्द्रित हुन दलहरूलाई आग्रह गरेका छन । राजनीतिक दलहरू सरकारले संवाद नगरेको र प्रतिशोधमा लागेको आरोप लागाएका छन ।

राष्ट्रपति पौडेलले शान्ति सुरक्षाको आवश्यक प्रबन्ध गरी निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउने विश्वास आम नागरिकलाई दिलाउन सरकारलाई सुझाव दिएका छन । उनले लोकतन्त्रको रक्षाका लागि सबै मिलेर निर्वाचन सम्पन्न गराउनुपर्ने विचार राख्दै आएका छन।विभिन्न समुहका जेनजीका माग फरकफरक रहेका कारण ठोस माग सम्बोधन हुन सकेको छैन । जेनजीलाई विभिन्न दल र स्वार्थ समूहले उपयोग गर्न खोज्दा सरकार अल्मलिएको जस्तो भएको छ।दलहरुपनि आन्तरिक विवादमा रुमलिएका छन।आफ्नो कमजोरी नदेखि नेतृत्वको टाउकोमा थोपार्ने पुरानै चलन हो।दुई ठूला र पुराना दल नेपाली काङ्ग्रेस र नेकपा एमाले अंशवण्डामा लागेका छन।दलहरूको आन्तरिक समस्या र स्वार्थ समूहको चलखेल हरेक क्षेत्रमा रहेको हुँदा एकले अर्कोलाई आशंकाको नजरले हेर्ने गरिएको छ ।

राष्ट्रपति पौडेलले राजनीतिक दलहरूमा कुनै द्विविधा र अस्पष्टता भए बैठकमा राख्न आग्रह गर्दै निर्वाचनबाहेक अन्य विकल्प खोज्न थालियो भने यसले देशलाई कहाँ पुऱ्याउँछ भन्ने पनि सोच्न आग्रह गरेका हुन। उनले पार्टीहरूले पनि कन्फ्युजन सृजना नगरी जेनजीको माग पनि आफूहरूले पुरा गर्ने भनेर जनतामा जान आग्रह गर्दै दलहरूको सुरक्षाको चिन्तालाई सरकारले तत्काल सम्बोधन गर्नुपर्नेमा जोड दिएका छन । बैठकमा सहभागी राजनीतिक दलका नेताहरूले लोकतन्त्रमा विश्वास गर्ने राजनीतिक दलहरू निर्वाचनमा जान सधैँ तयार रहेको बताउँदै अहिलेको सुरक्षा व्यवस्थाले निष्पक्ष र स्वतन्त्र वातावरणमा निर्वाचन हुने विषयमा संशय पैदा भएको बताए । उनीहरूले यो शंका र संशय हटाएर निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने विश्वास दिलाउन सरकारले सक्नुपर्ने बताए ।

बैठकमा अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीसहित सबैमन्त्री सहभागी थिए। यस्तै बैठकमा नेपाली कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगन थापा, नेकपा एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र महासचिव शंकर पोखरेल, नेकपा माओवादी केन्द्रबाट वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, सचिव वर्षमान पुन सहभागी थिए । राष्ट्रिय स्वतन्त्र पार्टीबाट कार्यबहाक सभापति डिपी अर्याल र सहमहामन्त्री विपिन कुमार आचार्य, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रवक्ता ज्ञानेन्द्र शाही र मिना लामा, नेकपा एकीकृत समाजवादीबाट उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव धनश्याम भुषाल सहभागी थिए ।

त्यस्तै, जनता समाजवादी पार्टीबाट रेनु यादव, जसपा नेपालबाट विद्युत बज्रचार्य र प्रकाश अधिकारी, जनमत पार्टीबाट चन्द्रकान्त राउत र डा जय कुमार राउत, लोकतान्त्रिक समाजवादी पार्टीबाट ज्ञानेन्द्र झा र सर्वेन्द्रनाथ शुक्ला, नागरिक उन्मुक्ती पार्टीबाट रेशम चौधरी र नेपाल मजदुर किसान पार्टीबाट सुनिल प्रजापती, सहभागी थिए। आन्दोलनकारी को बलमा बनेको सरकारले चुनावमा जान चाहेको जेनजी समुहलाई पनि सबै पक्षका बारेमा जानकारी गराएर संवादको वातावरण बनाउनुपर्छ । राष्ट्रपतिले शुरुआत गरेको सरकार र दलहरू, सरकार र जेनजी समूहबीचको संवाद अब सरकारको पहलमा भएमा चुनावको माहौल बन्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# लुम्बिनी प्रदेश सरकारद्वारा खर्चमा मितव्ययिता अपनाउन निर्देशन

**रासस**
लुम्बिनी, २५ भाद्र

देशको वर्तमान आर्थिक अवस्था र स्रोत सङ्कुचनको सम्भावित अवस्थालाई मध्यनजर गर्दै लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षको खर्च नियन्त्रण गर्न विशेष निर्णय गरेको छ ।

प्रदेश सरकारको शनिबारको मन्त्रिपरिषद्को बैठकले प्रदेश सरकारको योजना तथा कार्यक्रममा विनियोजन भएको रकमको ८० प्रतिशतलाई अधिकतम सीमा मानी योजना, कार्यक्रम कार्यन्वयनमा लैजान र मितव्ययिता अपनाउन प्रदेश सरकार मातहतका निकायलाई निर्देशन दिने निर्णय गरेको छ ।

बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त मार्गदर्शन सरकारको निर्देशनका अतिरिक्त खर्च व्यवस्थापनमा थप व्यवस्था मिलाउने निर्णय गरेको छ । बैठकले चालु आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने बजेटका क्रममा दोहोरो प्रविष्टि भएका आयोजना, कार्यक्रम तथा क्रियाकलापमध्ये एउटा मात्र कार्यान्वयन गरी बाँकी रोक्का गर्न र विभिन्न शीर्षकमा २० प्रतिशत रकम रोक्का गर्न निर्देशन दिएको छ । पुँजीगत खर्च शीर्षकमा समपूरक अनुदानबाट सञ्चालित आयोजना, बहुवर्षीय आयोजना र सडकतर्फको नियमित मर्मतसम्भार शीर्षकबाहेकका आयोजनामा विनियोजित बजेटको २० प्रतिशत रकम रोक्का गर्ने निर्णय गरिएको छ। चालु खर्च शीर्षकमा अनुगमन तथा मूल्याङ्कन खर्च, कार्यक्रम खर्च, मसलन्द तथा कार्यालय सञ्चालन खर्च, विविध कार्यक्रम खर्च, सीप विकास तथा जनचेतना, तालिम तथा गोष्ठीसम्बन्धी खर्च र सेवा परामर्श खर्च शीर्षकमा विनियोजित बजेटको २० प्रतिशत रकम रोक्का गर्ने निर्णय गरिएको छ । प्रदेश सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीका अनुसार मन्त्रिपरिषद्को बैठकले युवाको भावना र मर्मलाई आत्मसात् गर्दै प्रदेशमा सुशासन प्रवर्द्धन गर्न नीतिगत, कानुनी तथा अन्य सुधारका विषयमा अध्ययन गरी प्रतिवेदन पेस गर्न प्रमुख सचिवको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गर्ने निर्णय पनि गरेको छ । बैठकले लुम्बिनी प्रज्ञा-प्रतिष्ठान स्थापना तथा सञ्चालनसम्बन्धी विधेयक स्वीकृत गर्ने, जीवनाशक विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक प्रदेशसभामा पेस गर्न स्वीकृति दिने, अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम कार्यविधि पारित गर्ने र प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (छैटौं संशोधन) नियमावली २०८२ स्वीकृत गर्ने निर्णय गरेको छ ।

# अभिनेता हमालको 'युगदेखि युगसम्म' विमोचन



**रासस**
काठमाडौं, २५ असोज

पत्रकार तथा लेखक यज्ञशसँगको संवाद शैलीमा तयार भएको अभिनेता राजेश हमालको पुस्तक 'युगदेखि युगसम्म' विमोचन गरिएको छ । शनिबार कमलादीस्थित प्रज्ञा प्रतिष्ठानको डवलीमा अभिनेता राजेश हमाल, उहाँकी श्रीमती मधू भट्टराई, लेखकद्वय यज्ञश र बुद्धीसागरले संयुक्त रूपमा उक्त पुस्तकको विमोचन गर्नुभएको हो ।

उक्त पुस्तकमा जीवनयात्रा, चलचित्र र जीवनसँग जोडिएका अनुभव, संस्मरण तथा सामाजिक र व्यक्तिगत विचार समेटिएका अभिनेता हमालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मैले बाहिर नभनेका कतिपय विषय पुस्तकमा समेटिएका छन् । यसलाई हामीले सुरू गरेर तीन वर्षमा विमोचन गर्न सफल भएका छौँ । यसमा राजनीति, धर्म, केही मनोविज्ञानका कुरा पनि छन् ।"अभिनेता हमालले आफ्नो जीवन तथा आफ्नो सोचाइ र विचारलाई निर्धक्कसँग पुस्तकमा राखेको उल्लेख गर्नुभयो। उहाँले बसाइँसराइदेखि सरकार र जनताको बीचमा बढ्दै गएको दूरीका विषयमा बनाइएको विचार पनि पुस्तकमा रहेको बताउनुभयो ।

"मैले यो पुस्तकमा आजसम्म गोप्य राखेका कतिपय विषयहरू पनि समावेश गरेको छु । मैले आफूलाई पूर्णरूपमा प्रश्नकर्तालाई सुम्पेको छु । यसमा चलचित्रसँगै राजनीति र मानवीय जीवनका विविध पक्षलाई मेरो बुझाइसँगै व्यक्त गरेको छु। मेरो परिवारको कुरा पनि यसमा ल्याएको छु", उहाँले भन्नुभयो । यो पुस्तक पढ्दा मलाई आफ्नो सम्पूर्ण जीवन फेरि फर्केर हेरेको र त्यही जीवन पुनः बाचेको जस्तो महसुस भएको अभिनेता हमालले बताउनुभयो। प्रश्नकर्ता यज्ञशले राखेका सम्पूर्ण जिज्ञासाको जवाफ आफूले दिएको उहाँले जानकारी दिनुभयो ।

"मेरो चलचित्र हेर्ने बानी यहाँ काम लाग्यो । मैले जसरी अभिनेता हमाललाई चिनेको थिएँ वा चलचित्रमा हेर्दै आएको थिएँ, त्यसले पुस्तक लेखनका क्रममा सहयोग गरेको छ । मैले राखेका हरेक जिज्ञासालाई उहाँले जवाफ दिनुभएको छ।

त्यसकारण यहाँ केही छुटेको भन्ने लागेमा त्यो मैले सोच्न नसकेको वा मैले छुटाएको हुनेछु", लेखक यज्ञशले भन्नुभयो । दुई सय ९३ पृष्ठ लामो उक्त पुस्तकलाई फाइन प्रिन्टले बजारमा ल्याएको हो ।

# कास्की पोखरा हस्तकला संघको १५ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असोज



कास्की पोखरा हस्तकला संघको १५ औं साधारण सभा शनिबार पोखरामा सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं १ का अध्यक्ष सहारा प्रधानले यस क्षेत्रको उद्यमशिलता, सिप हस्तान्तरण र विकासका लागि संघको महत्वपूर्ण योगदान रहेको बताए । अहिले पोखरा महानगर तथा वडाहहरुले विभिन्न सिप सिकाईका तालिमहरु ल्याईरहेको बताउँदै सिप सिकेर आत्मनिर्भर हुने बाटोमा लाग्न आग्रह गरे । पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमले स्थानिय हस्तकलाका सामग्रीको वजारिकरण र गुणस्तरिय उत्पादनमा जोड लिईन् । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा क्षति भएको वडा नं १ को भवनमा आवश्यक सहयोग गरेका तथा संघले सम्मान गरेका पोखरा इक्ट्रिकल क्लवका अध्यक्ष अमृत पोखरेलले सामाजिक उत्तरदायित्व अर्नगत संस्थाले सहयोग गरेको र आगामी दिनहरुमा पनि संस्थाले सकेको सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । स्वस्तिक हस्तकला उद्योग, पोखरा १ बागबजारमा संघका अध्यक्ष सीता गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सचिव पम्फा थापाले संघको वार्षिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष रजनी कोइरालाले प्रस्तुत गरेको प्रतिवेदन पारित गरेको छ । पोखरा हस्तकला संघमा हाल ४२ जना सदस्य रहेका छन् ।

# ठूलाकोट कृषि सहकारी संस्थाको साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असोज



पोखरा महानगरपालिका २८ कालिकामा रहेको ठूलाकोट कृषि सहकारी संस्था लिमिटेडको १६औ वार्षिक साधारणसभा कार्यक्रम सम्पन्न भएको छ ।

साधारणसभामा प्रमुख अतिथि पोखरा महानगरपालिका २८ का वडा अध्यक्ष श्रीकृष्ण लामिछानेले पोखरा २८ कृषि क्षेत्र रहेको हुनाले कृषि सहकारीको ठूलो महत्व रहेको बताउदै ठूलाकोट कृषि सहकारीले उत्कृष्ट काम गरिरहेको बताए । वडा अध्यक्ष लामिछानेले कृषिमा राज्यले ठूलो अनुदान खर्च गरिरहेकोले पोखरा २८ मा कृषि सहकारी मार्फत सहकार्य गरेर काम गर्नको लागि वडा कार्यालय सकारात्मक रहेको बताए । सहकारीका अध्यक्ष श्याम प्रसाद तिमिल्सेनाको अध्यक्षतामा भएको सधारणसभामा सहकारीका संस्थापक अध्यक्ष विश्वरमण अधिकारी पोखरा २८ का वडा सदस्यहरु विरेन्द्र भण्डारी,डाल्डादेवी भुजेल मार्गदर्शन सहकारीका अध्यक्ष बालकृष्ण त्रिपाठी सल्लाहकार राधाकृष्ण घिमिरे लगाएतले मन्तव्य राखेका थिए । साधारणसभामा सहकारीका उपाध्यक्ष गोर्कण त्रिपाठीले स्वागत मन्तव्य तथा सहकारीका सात सिद्वान्त वाचन गरेका थिए। सहकारीका अध्यक्ष श्याम प्रसाद तिमिल्सेनाले प्रस्तुत गरेको अध्यक्षको प्रतिवेदन सचिव शैलेन्द्र रमण अधिकारीले प्रस्तुत गरेको सचिवको प्रतिवेदन र कोषाध्यक्ष प्रकाश खड्काले प्रस्तुत गरेको कोषाध्यक्षको प्रतिवेदन, लेखा संयोजक सुरेन्द्र मोहन अधिकारीले प्रस्तुत गरेको लेखाको प्रतिवेदन पारित गरिएको छ ।

साधारणसभामा सहकारीका जेष्ठ सदस्यहरू,उत्कृष्ट कारोवार गर्ने सेयर सदस्यहरु, उत्कृष्ट कृषकहरुलाई सम्मान गरिएको थियो । कार्यक्रम सहकारीका सचिव शैलेन्द्र रमण अधिकारीले सञ्चालन गरेका थिए ।

# माण्डले भू.पू. संघ पोखराको चौथो साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असोज




भारतिय गोर्खा सेना अन्तरगत ४/४ जि. आर. माण्डले भु.पु. संघ पोखराको चौथो वार्षिक साधारण सभा, विजया दशमी तथा शुभ दिपावलीको शुभकामना आदानप्रदान कार्यक्रम शनिबार पोखरामा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि क्या. जसबहादुर गुरुङले कार्यक्रमको उद्घाटन गर्दै सेवामा हुँदा पनि साथमा भएको वताउँदै सेवा निवृत्त पछि पनि साथमै एक परिवार भएर रहन पाएकोमा खुशी लागेको वताए ।

काफर हुनु भन्दा मर्नु राम्रो भन्ने नारामा विश्वास गर्ने भारतिय गोर्खा सेनामा लामो समय विभिन्न दर्जामा सेवा गरेर निवृत्त भएका भुपु भारतिय सैनिकहरुको साझा संस्थाले विभिन्न सामाजिक कार्यहरु गर्दै आएको संघका अध्यक्ष सु.मे. लिल बहादुर गुरुङले वताए । सो अवसरमा जिल्ला समन्वय समिति पर्वतका उपाध्यक्ष सोम जिसि, संस्थापक अध्यक्ष क्या. बुद्धिमान गुरुङ, सल्लाहकारहरु मे. केके गुरुङ र नायक राम प्रसाद गुरुङ, एसएम क्या. रामलक्ष्मण थापा, सु.मे. चेत बहादुर गुरुङ लगाएतले शुभकामना मन्तव्य दिएका थिए। सभाले सचिव ह. खेम बहादुर गुरुङको वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष क्या. दिल बहादुर थापाको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरेको थियो । साधारण सभाको अवसरमा सु. चन्द्र बहादुर गर्बुजालाई सम्मान पत्र र खादाले सम्मान गरिएको थियो भने ८० बर्ष माथिको जेष्ठ सदस्य सम्मानबाट क्या. शेरबहादुर गुरुङलाई सम्मान गरिएको थियो । संघका अध्यक्ष सु.मे. लिल बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सहसचिव कृष्णमान श्रेष्ठले र संचालन सचिव ह. खेम बहादुर गुरुङले गरेका थिए ।

# त्रिविको जग्गा खोजबिन समितिको प्रतिवेदन कार्यान्वयन हुँदै

**रासस**
काठमाडौं, २५ भाद्र

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ सार्वजनिक गरी कार्यान्वयनको तयारी गरेको छ । मन्त्रिपरिषद्को यही असोज २३ गतेको बैठकले प्रतिवेदन सार्वजनिक र कार्यान्वयन गर्न जिम्मेवारी दिएपछि मन्त्रालयले सोको तयारी गरेको हो । शिक्षामन्त्री महावीर पुनले आफूले प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिएको सामाजिक सञ्जालबाट जानकारी दिनुभएको छ।

गत पुस २ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र विश्वविद्यालयका पदाधिकारीसहितको उपस्थितिमा खोजबिन समितिका सदस्य महेन्द्र थापाले सो प्रतिवेदन हस्तान्तरण गर्नुभएको थियो । विसं २०८० जेठ १७ गते मन्त्रिपरिषद्बाट पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको थियो ।

# तिहारका लागि सयपत्री फूलका पाँच हजार बिरुवा बिक्री

**रासस**
बागलुङ, २५ असोज

बागलुङ नगरपालिका-१ रामरेखाका राहुल बोहोरा एक दशकदेखि पुष्प व्यवसायमा लागिरहनुभएको छ । विगतमा तिहारलाई लक्षित गरी उहाँले सयपत्री फूल बिक्री गर्नुहुन्थ्यो, यसपटक भने फूलका बिरुवा मात्रै बिक्री गर्नुभएको छ।



बोहोराका अनुसार भदौ यता मात्रै सयपत्री फूलका पाँच हजार बिरुवा बिक्री गरिसक्नुभएको छ । फुल्न थालेका बिरुवा लगेर गमलामा सजाउने र तिहारमा प्रयोग गर्ने ग्राहकलाई उहाँले बिरुवा बिक्री गरेको बताउनुभयो । पछिल्लो समय तिहारमा सयपत्री फूल खरिद गर्नुभन्दा बिरुवा खरिद गरेर घरमा सजाउने र तिहारमा प्रयोग गर्नेको स‌ख्यामा वृद्धि भएको बोहोराले बताउनुभयो । उहाँले रु ४० मा माटोसहितको फूलको बिरुवा बिक्री गरेको उहाँले बताउनुभयो।

"गत वर्षसम्म फूलको मात्र बढी कारोबार हुन्थ्यो, यसपटक फूलभन्दा बिरुवाको कारोबार बढी भयो। हालसम्म पाँच हजार बिरुवा बिक्री गरिसकेँ । हाल माग धान्न नसकेर अन्य ठाउँबाट ल्याएर फूलका बिरुवा बिक्री गरिरहेको छु," बोहोराले भन्नुभयो, "विभिन्न जातका फूल तथा फलफूलका बिरुवा नर्सरीमा उत्पादन गर्दै आएको छु। यसपटक बिरुवा बिक्रीबाट रु दुई लाख कारोबार गसिरसकेको छु।"

भारतको नयाँ दिल्लीमा 'बिएसी बोट्नी' विषयमा अध्ययन गरेर जन्मथलो फर्केर पुष्प व्यवसाय गरिरहनुभएका बोहोराले वर्षमा रु १५ लाखसम्म फूलको कारोबार गर्ने गरेको सुनाउनुभयो। साबिकको धौलागिरि अञ्चलमा व्यावसायिक पुष्पखेतीको अभाव रहेको र बजार विस्तारको राम्रो सम्भावना देखेपछि आफ्नै घरबाट थालेको पुष्प व्यवसायलाई साढे चार रोपनी क्षेत्रफलमा विस्तार गरिसकेको उहाँलेजानकारी दिनुभयो । बोहोराले मौसमी मात्रै नभएर बेमौसमी फूलको समेत कारोबार गर्दै आउनुभएको छ । उहाँले फूल बिक्रीबाटै तिहारबाहेक मासिक रु एक लाख ५० हजारभन्दा बढी आम्दानीसमेत गर्दै आएको सुनाउनुभयो । "तीन वर्ष काठमाडौँमा विज्ञान विषयको शिक्षक पनि भएँ । व्यवसायमा नामसँगै आम्दानीसमेत गर्न सकिन्छ भनेर गृह जिल्ला फर्केर पुष्प व्यवसायमा लागेको हुँ", बोहोराले भन्नुभयो, "सोचेअनुसार नै भइरहेको छ । नर्सरीमा तीन जनालाई प्रत्यक्ष रोजगारी दिइएको छु। बाह्रै महिना फूलको कारोबार गरिरहेको छु।"

उहाँको नर्सरीमा सयपत्री, मौसमी, बहुवर्षीय र टिस्यु कल्चर गरिएका सजावटका फूलहरू पनि छन् । यस्तै, मेवा, आँप, अम्बा, किबी, चेरी, एभोकाडो र आरुका उन्नत जातका बिरुवाहरूसमेत उत्पादन र बिक्री भइरहेका छन् ।

बोहोराले साढे तीन रोपनी आफ्नै जग्गा र वार्षिक रु ५० हजार भाडा तिर्नेगरी एक रोपनी जग्गा भाडामा लिनुभएको छ । उहाँलाई बुबा चतुरबहादुर बोहोराले साथ दिँदै आउनुभएको छ । "आफूले अध्ययन गरेको विषयमा व्यवसाय गर्न पाउँदा निकै सन्तुष्ट छु । सैद्धान्तिक सीपलाई व्यवहारमा उतार्न सकिने गरी व्यवसाय गर्दा राम्रै हुँदो रहेछ", बोहोरा भन्नुहुन्छ,"यदि, अर्कै काम गरेको भए यस्तो सन्तुष्टि र सफलता नहुन पनि सक्थ्यो ! हाल बागलुङसहित म्याग्दी, पर्वत, मुस्ताङका सरकारी कार्यालय, होटल तथा रिसोर्टमा फूल सजावत र दुबो व्यवस्थापनको काम गरिरहेको छु। नामसँगै दाम पनि छ।"



माछापुच्छ्रे हिमाल र धानबालीः पोखरा महानगरपालिका-३२ तल्लो गगनगौँडाबाट देखिएको पाक्दै गरेको धानबाली र पृष्ठभूमिमा माछापुच्छ्रे हिमाल। तस्बिर : वासुदेव पौडेल / रासस

# नौविसे ओख्लेडाँडा टोल विकास संस्था पोखरा-२९ मा ठाकुरप्रसाद घिमिरे

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असोज

पोखरा महानगरपालिका वडा नं २९ मा रहेको नौविसे ओख्लेडाँडा टोल विकास सस्थाको पन्ध्रौं बार्षिक साधारण सभा तथा आठौं अधिवेशनले आगामी २ वर्षे कार्यकालका लागि पुनः ठाकुरप्रसाद घिमिरेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

सर्वसम्वत रुपमा चयन भएको समितिको उपाध्यक्षमा महेन्द्रप्रसाद सुबेदी,सचिवमा दुर्गादेवी अधिकारी ,कोषाध्यक्षमा ध्रुवराज पौडेल चयन भएका छन् । यसै गरी सदस्यहरुमा रामबहादुर जि.सी., कृष्ण बहादुर थापा,मसिना कुमाल, मिना सुबेदी र मन्त्रीराज उलक रहेका छन् । लेखा उपसमिति संयोजकमा बिष्णुप्रसाद लामिछाने,सदस्य शिवराज अधिकारी र सोम बहादुर थापा चयन भए।



नयाँ कार्यसमितिका पदाधिकारीहरुलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउदै निर्वाचन संयोजक अजुन ओभ्राले टोल विकास सस्थाले आफनो टोलको विकासका लागि नेतृत्वदायी भूमिका निभाउनु पर्ने वताए। संस्थाका अध्यक्ष ठाकुरप्रसाद घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष, सचिव,कोषाध्यक्ष र लेखाका प्रतिवेदनहरु पारित भएका थिए । पोखरा महानगरपालिका वडा नं २९का वडाध्यक्ष श्रीप्रसाद गुरुङ्गले साधारण सभाको उद्घाटन गर्दै स्थानीयको सहभागीता विना विकास निर्माणका कुनै पनि काम सम्भव नहुने धारणा राखेका थिए । वडाका ३० वटै टोल विकास संस्थालाई यस टोलले नमूना बनेर सिकाएको वताए । उनले विषादी रहित उत्पादनमा जोड दिए । कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोपिचन्द्र बास्तोला,वडा सदस्य कालीदास पोखरेल लगायतले बोलेका थिए भने नयाँ कार्यसमितिका अध्यक्ष घिमिरेले भावी योजना प्रस्तुत गरेका थिए। संस्थामा २ सय ३८ घरधुरी सदस्य आवद्ध रहेका छन्। कार्यक्रममा ८० वर्ष उमेर नाघेका ४ ज्येष्ठ सदस्य, टोलबाट कक्षा १२ मा उत्कृष्ट अङ्क ल्याउने २ जना,उत्कृष्ट कृषक सुरज तिवारी र लेखनाथ उद्योग वाणिज्य संघमा सदस्य जितेका उक्त टोलका बासिन्दा सुजनबाबु न्यौपानेलाई सम्मान गरिएको थियो।

# ऐनापहरा पार्कबाट ६० लाख आम्दानी

**पोखरापत्र संवाददाता**
दमौली, २५ असोज

आँबुखैरेनी गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्यस्थल ऐनापहराबाट एक वर्षमा रु ६० लाख आम्दानी भएको छ।

आँबुखैरेनी-२ र ४ को सीमानामा अवस्थित ऐनापहराबाट गाउँपालिकाले गत आर्थिक वर्ष आन्तरिक राजस्वतर्फ रु ६० लाख आम्दानी गरेको हो।



ऐनापहरामा पर्यटक आकर्षित गर्न पार्क निर्माण गरिएको छ। पार्क प्रवेश गर्नेसँग टिकट लिने गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। स्थानीयलाई रु ५० र बाह्यलाई रु १०० टिकट शुल्क तोकिएको छ । ऐनापहरालाई पर्यटकीय गन्तव्यस्थल बनाउन रु दुई करोड लगानीमा विभिन्न संरचना निर्माण गरिएको छ। पृथ्वी राजमार्गसँगै जोडिएको ऐनापहरा पार्क पछिल्लो समय पर्यटकको विश्रामस्थलका रूपमा विकास हुन थालेको छ । सार्वजनिक बिदा र शनिबारका दिन यहाँ आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गरेको छ। शनिबार यहाँ एक हजारभन्दा बढी पर्यटकको आगमन हुने गरेको आँबुखैरेनी-२ का वडाध्यक्ष आशबहादुर गुरुङले बताउनुभयो। ढुङ्गामा विभिन्न कलात्मक आकृति कोरिएको यस ठाउँ पर्यटकको रोजाइमा परेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "गाउँपालिकाले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थलका रूपमा अगाडि बढाएको छ, राजमार्गसँगै जोडिएकाले पनि यस ठाउँ रोजाइमा पर्ने गरेको छ, राजमार्ग भएर यात्रा गर्नेहरू पनि यहाँ रोकिएर आनन्दित भएर जान्छन्।" यहाँ रहेका ढुङ्गालाई कलात्मक बनाएर पर्यटकलाई थप आकर्षित बनाइएको छ । झरना झरेको ठाउँको ढुङ्गामा गणेशको आकृति बनाइएको छ भने झरना नजिकैको ढुङ्गामा आमा र बच्चा तथा परीको आकृति बनाइएको छ । पर्यटकलाई थप आकर्षित गर्न गाउँपालिकाले यहाँ गत साउन ३ गतेदेखि 'स्काइ वाक' सुरु गरिसकेको छ। स्काइ वाकको मूल्य रु २५० तोकिएको छ। रु १५ लाखको लगानीमा स्काइ वाक निर्माण गरिएको हो।

करिब ५० मिटर अग्लो र ५७ मिटर लामो स्काइ वाकको प्रत्येक पाइला बीचमा एक फिटको खाली स्थान राखिएको छ। तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिउँढी खोलाको पानी बगेर झरनामा मिसिएको छ । ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको जनाएको छ । यस ठाउँलाई व्यवस्थित गर्न विस्तृत परियोजना प्रतिवेदनअनुसार रु १० करोड बजेट आवश्यक पर्छ। यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायत संरचना निर्माण गर्ने उल्लेख छ।

# वहृत फेदीखोला पोखरा सम्पर्क समाजको अध्यक्षमा विजय पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असोज

स्याङ्जाको फेदीखोला गाउँपालिकामा जन्म भई स्थायी, अस्थायी वा पेशा व्यवसाय गरी पोखरामा रहने सम्पूर्ण फेदीखोलेहरुको साझा संस्था बृहत फेदीखोला पोखरा सम्पर्क समाज पोखरा कास्कीको छैठौं साधारण सभा तथा तेस्रो अधिवेशनले विजय पौडेलको अध्यक्षतामा २ वर्षको लागि १३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ।



समाजको प्रथम उपाध्यक्षमा लाल कार्की (अन्जान), द्धितीय उपाध्यक्षमा कुलबहादुर रानाभाट(मन), सचिवमा मीन प्रसाद सुवेदी, सहसचिवमा जीत बहादुर क्षेत्री (राजकुमार), कोषाध्यक्षमा सुर्य प्रसाद गौतम (अनिष), र सदस्यहरुमा नरेन्द्र कुमार कार्की, देविका कार्की अधिकारी, गंगा कुमारी शर्मा कुँवर, प्रेमनाथ पौडेल, दिपेन्द्र पौडेल, सारदा रानाभाट, डिल बहादुर अधिकारी (रामचन्द्र), र उदयराज पौडेल (मनोनित) रहेका छन्। कानुनी सल्लाहकार टंक पौडेलको संयोजकत्वमा कमल सुवेदी र रक्षा गोदारको निर्वाचन समितिले निर्वाचत गरेको थियो । नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई पद तथा गोपनियताको सपथ ग्रहण पनि गराइएको थियो। सभाले सचिव मीनप्रसाद सुवेदीको वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष राजकुमार क्षेत्री (राजकुमार) को आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरेको थियो। कार्यक्रमका प्रमुख आतिथि समाजसेवी पुण्यप्रसाद सुवेदीले कार्यक्रमको उद्घाटन गर्दै समाजले उत्कृष्ट कार्य गरिरहेको छ, आगामि दिनहरुमा पनि निरन्तरता दिन आग्रह गर्दै आफुले सक्ने सहयोग सदा गरिरहने पनि प्रतिवद्धता व्यक्त गरेका थिए।

त्यसै गरी फेदीखोला गाउँपालिका उपाध्यक्ष देवकुमारी गुरुङ, संस्थाका संस्थापक अध्यक्ष अभिलाष गुरुङ, निवर्तमान अध्यक्ष कृष्ण बहादुर क्षेत्री (उदय), सल्लाहकारहरू तथा अक्षयकोषदाताहरू मेजर डिल बहादुर गुरुङ्ग, डा. चन्द्र बहादुर गुरुङ्ग, कानुनी सल्लाहकार टंक पौडेल, फेदीखोला गापा वडा नं १ का वडा अध्यक्ष अमृत क्षेत्री, वडा नं ४ का वडा अध्यक्ष ख्याम नारायण पौडेल, समाजसेवी आदरणीय व्यक्तित्व पुष्पराज बराल, टिकाराम पौडेल, यम प्रसाद पौडेल, दयाराम लामिछाने, पुर्व प्रहरी उपरीक्षक पदम प्रसाद सुवेदी, समाजसेवी जितजङ कार्की, मिडिया संयोजक पत्रकार कृष्ण रानाभाट लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

सो अवसरमा समाजसेवी हवल्दार मेजर नरकाजी गुरुङ्ग, मिलन बहादुर के.सि. र उदयीमान गायक विशाल रानाभाट, संस्थामा उत्कृष्ट कार्य सम्पादन गर्ने एक पदाधिकारीहरु मध्ये बाट जित बहादुर क्षेत्री (राजकुमार) लाईसम्मान गरिएको थियो।

संस्थाका अध्यक्ष जगदीश लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत बरिष्ठ उपाध्यक्ष विजय पौडेलले र संचालन सचिव मीन प्रसाद सुवेदीले कार्यक्रम संचालन गरेका थिए।

# म्याग्दीका पशुगोठ 'बुकी'बाट बेँसी झर्न थाले

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ असोज

म्याग्दीका पशुगोठ लेकाली क्षेत्रको बुकीबाट बेँसी झर्न थालेका छन्।

शरद्यामको सुरुआतसँगै चिसो बढ्न थालेपछि बर्खायाममा हिमालको फेदीमा पुगेका गाईभैँसी, भेँडाबाख्राका गोठ गाउँ नजिकैका खर्कमा झार्न थालेका हुन्। पशुका लागि पोषिलो घाँस पाइने हिमाली चरन क्षेत्रलाई बुकी र गाईवस्तुको गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ । धौलागिरि गाउँपालिका-३ मल्कवाङका देवान छन्त्यालले धौलागिरि हिमालको फेदीमा पुगेर तीन महिना बुकीको घाँस खुवाएपछि बेँसीतर्फ गोठ झार्न थालेका बताउनुभयो । उहाँका अनुसार हाल मकै भित्र्याएको बारीमा राखिएको गोठ धान र कोदो भित्र्याएपछि मङ्सिरमा बेँसीको फाँटमा झार्ने चलन छ।

पोषिलो घाँस खाएर मोटाएका गाईभैँसी, गोरु र भेँडाबाख्राको बथानलाई अघि लगाउँदै गोठाला बन्दोबस्तीका सामान बोकेर लेकबेँसी गर्छन्। हिमाली क्षेत्रको बुकीको पोषिलो घाँस खाएका पशुचौपाया स्वस्थ, बलिया र दूधालु हुने धवलागिरि-३ मुनाका लीलबहादुर पुनले बताउनुभयो । गाउँ झरेका गोठाला र गाईवस्तुको चहलपहल बढेको उहाँको भनाइ छ। पशुचौपायाले गाउँ नजिकैको पाखाबारी भरिएका छन् । ती पाखामा असङ्ख्य गाईगोरु, बाच्छाबाच्छी, भैँसी र भेँडाबाख्रा चरनमा रमाइरहेका देखिन्छन् । महिनौँ पुग्ने खर्चबर्च बोकेर गएका गोठाला गाउँ झरेपछि मात्रै परिवारसँग भेट हुन्छ । खर्कमा रहेका ढुङ्गाको पर्खालमा काठ र निगाला तेर्साएर त्रिपाल र पाल राखेर अस्थायी गोठ बनाइन्छ । ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण र धौलागिरि हिमाल आसपासका क्षेत्रमा गोठ लैजाने गरिन्छ । धवलागिरिको गुर्जा, लुलाङ, लमसुङ, खोरिया, मुना, दर, मुदी, खिवाङ, फलियागाउँ, मल्कवाङ, रघुगङ्गाको कुइनेखानी, पात्लेखर्क, मङ्गलेखानी, चिमखोला, दग्नाम, ठाडाखानी, अन्नपूर्णको दोवा, दाना, नारच्याङ, पाउद्वार, शिख, राम्चेका किसानले घुम्ती गोठमा परम्परागत शैलीमा पशुपालन गर्दै आएका छन्। बेँसीका खेतबारीमा घुम्ती गोठ राखेर जमिनलाई मलिलो बनाउने चलन छ। युवा पुस्ताले बेवास्ता गर्दा र वैदेशिक रोजगारीका कारण घुम्ती गोठमा गरिने पशुपालन सङ्कटमा परेको रघुगङ्गा गाउँपालिका-२ भगवतीका नन्दबहादुर भण्डारीले बताउनुभयो।


## कम्पनीको नाम/ठेगाना परिवर्तन सम्बन्धी सूचना

साविक कास्की, पोखरा महानगरपालिका वडा नं. ९ को सपना आयुर्वेद भवनको मिति २०८२/०५/०६ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाम र कम्पनीको रजिष्टर्ड कार्यालय समेत तपसिल बमोजिम परिवर्तन गर्ने गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन मिति २०८२/०६/०८ को कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णयानुसार कायम गरिएको जानकारी गराउदै उक्त कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम सपना आयुर्वेद हस्पिटल कास्की, पोखरा महानगरपालिका वडा नं. १४ को कम्पनीले सकार्ने व्यहोर्ने समेत जानकारी गराइन्छ।

**साविकको नामः सपना आयुर्वेद भवन**
**साविकको ठेगाना : कास्की, पोखरा महानगरपालिका-९**
**संशोधित नामः सपना आयुर्वेद हस्पिटल**
**संशोधित ठेगानाः कास्की, पोखरा महानगरपालिका-१४**